# मानिखेल अस्पताल सञ्चालन कार्यविधि ऐन, २०७९

महाङ्काल गाउँपालिका,

ललितपुर, बागमती प्रदेश

## मानिखेल अस्पताल सञ्चालन कार्यविधि ऐन, २०७९

**प्रस्तावना**

महाङ्काल गाउँपालाकाभित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुन नदिन र अस्पताल तथा स्वास्थ्य संस्थाबाट उपलब्ध गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउन स्वास्थ्य सेवाको व्यवस्थापन तथा सञ्चालन स्थानीय तहको नेतृत्वमा गर्न सक्ने नेपालको संविधानको धारा २१४ बमोजिम अनुसूची ८ र ९ को अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) झ को प्रयोग गरी महाङ्काल गाउँपालिकाले यो ऐन बनाई लागू गरेको छ।

### परिच्छेद-१

### नाम, प्रारम्भ, परिभाषा र छाप

**१. नाम र प्रारम्भ**

१) ऐनको नाम **मानिखेल अस्पताल सञ्चालन कार्यविधि ऐन, २०७९** रहनेछ।

२) यो ऐन राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

क) अध्यक्ष भन्नाले महाङ्काल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख) उपाध्यक्ष भन्नाले महाङ्काल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

घ) अस्पताल प्रमुख भन्नाले अस्पतालमा कार्यरत चिकित्सकहरूमध्ये सबभन्दा जेष्ठ कर्मचारी वा समितिले मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी प्रदान गरेको कर्मचारीलाई जनाउँदछ ।

ङ) स्वास्थ्य संयोजक भन्नाले स्थायी कर्मचारीमध्येबाट समितिले गाउँपालिका र अन्य निकायसँग समन्वय, पत्राचार आदि कार्य गर्न तोकेको व्यक्ति सम्झनु पर्दछ ।

च) गाउँपालिका भन्नाले महाङ्काल गाउँपालिका सम्झनु पर्दछ ।

छ) अस्पताल भन्नाले महाङ्काल गाउँपालिका क्षेत्रभित्रको १० शैयासम्मको अस्पताल सम्झनु पर्दछ।

ज) समिति भन्नाले गाउँ अस्पताल सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ।

झ) पदाधिकारी भन्नाले व्यवस्थापन समितिका अध्यक्ष, र सदस्यलगायतका पदाधिकारीलाई सम्झनुपर्दछ ।

ञ) चिकित्सक तथा स्वास्थ्यकर्मी भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

ट) शाखा भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

**३.छापः** समितिसँग गाउँपालिकाले तोके बमोजिमको चिन्ह र छाप हुनेछ।

## परिच्छेद-२

## उद्देश्य

**४.उद्देश्यः** गाउँ अस्पताल व्यवस्थापन र सञ्चालनका उद्देश्यहरू

क) आधारभुत स्वास्थ्य सेवालाई नागरिकको अधिकारको रूपमा स्थापित गर्ने,

ख) उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी छिटो र प्रभावकारी स्वास्थ्य सेवा जनतालाई उपलब्ध गराउने,

ग) स्वास्थ्य सेवालाई सरल, सुलभ र पहुँचयोग्य बनाउने ।

## परिच्छेद-३

## समितिको गठन

### ५. समितिको गठन

१.अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

क) गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति: अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष वा उपाध्यक्षले तोकेको व्यक्ति: सदस्य

ग) सामाजिक विकास समितिको संयोजक: सदस्य

घ) अस्पताल रहेको वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा समिति सदस्य सदस्य

ङ) स्वास्थ्य क्षेत्रमा क्रियाशील स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञमध्ये गाउँ कार्यपालिकाले तोकेको कम्तीमा एक महिलासहित तीन जना: सदस्य

च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख: सदस्य

छ) अस्पताल प्रमुख (मेडिकल अधिकृत)- सदस्य सचिव

२.समितिले आवश्यकतानुसार स्वास्थ्य क्षेत्रका विज्ञ, चिकित्सक, जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

## परिच्छेद-४

## समितिको पदावधि

### ६.समितिको पदावधि

क) समितिको पदावधि ३ बर्ष रहने छ,

ख) सदस्य सचिवको पदावधि सम्बन्धित संस्थामा रहेसम्मको हैसियतमा रहने,

ग) मनोनीत पदाधिकारीको पद रिक्त हुने अवस्था,

अ) मृत्यु भएमा

आ) राजीनामा दिएमा

इ) बिना सूचना लगाता तीन पटक समितिको बैठकमा अनुपस्थित भएमा ।

ई) फौजदारी अभियोग प्रमाणित भएमा

उ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

## परिच्छेद-५

## बैठकसम्बन्धी व्यवस्था

**७.बैठकसम्बन्धी व्यवस्था**

क) समितिको बैठक समितिको अध्यक्षको आदेशमा सदस्य सचिवले बोलाउनेछ ।

ख) समितिको बैठक सामान्यतया कम्तिमा तीन महिनाको एकपटक वा आवश्यकता अनुसार बस्नेछ ।

## परिच्छेद-६

## समितिको काम, कर्तव्य र अधिकार

**८. समितिको काम, कर्तव्य र अधिकार**

क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

ख) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवम् दिगो सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने, गराउने,

ग) सङ्घीय, प्रदेश तथा स्थानीय गाउँपालिकाले बनाएको ऐन, नियम तथा निर्देशिकाअनुसार अस्पताल सञ्चालन गर्ने, गराउने,

घ) अस्पताल सञ्चालन गर्न आवश्यक नीति योजना बनाई कार्यान्वयन गर्ने गराउने,

ङ) अस्पतालको नियमित सञ्चालन र व्यवस्थापनका लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने र वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने । अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहयोग गर्ने,

च) स्वास्थ्य सेवा र सुविधासम्बन्धी राष्ट्रिय मापदण्ड कार्यान्वियनको सुनिश्चितताको लागि आवश्यक प्रबन्ध मिलाउने,

छ) जनस्वास्थ्यको पहुँचबाट बञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने। सेवाको गुणस्तरमा ध्यान दिने वा त्यस्ता कार्यक्रममा सहभागी हुने वा गराउने,

ज) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चतता गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापनसम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरू सहज रूपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सिर्जना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहन गर्ने ।

झ) भूगोल, अल्पसङ्ख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक विपन्न वर्ग, अपाङ्गता भएका बालबालिका, किशोरकिशोरी, महिला समूह समेतलाई मध्यनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

ञ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृ शिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने

ट) अति विपन्न, असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रबन्ध मिलाउने,

ठ) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास एवम् वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने । अस्पतालको सेवा, सर्त र पारीश्रमिक तथा अन्य सुविधाहरू सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

ड) अस्पतालमा कार्यरत कर्मचारीको कार्यसम्पादन गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने, गराउने,

ढ) अस्पतालमा कर्मचारीको व्यवस्थापन गर्न गाउँभित्र रहेका गाउँ अस्पतालको स्वीकृत दरबन्दीको समान पदमा सरूवा गर्न, काजमा खटाउन गाउँपालिकामा सिफारिस गर्ने,

ण) गाउँपालिकाभित्र सञ्चालित स्वास्थ्य सेवा दिई रहेका अन्य कुनै पनि प्रकारको स्वास्थ्य संस्थाको सञ्चालन, दर्ता, नवीकरण, अनुगमन, सुपरिवेक्षण तथा समन्वय आदिमा नियमानुसार गर्ने,

त) भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने,

थ) स्वास्थ्य सेवामा सुशासन, जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने, सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग र सहजीकरण गर्ने,

द) अस्पतालबाट प्रवाह भएको सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने,

ध) अघिल्लो बैठकले गरेको निर्णयहरूको कार्यान्वयनको स्थिति बारेमा पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्या समाधानका लागि गाउँपालिका तथा सम्बन्धित निकायलाई पठाउने,

न) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, जनस्वास्थ्य ऐन, स्थानीय स्वास्थ्य ऐन लगायत प्रचलित कानुन र नीतिबमोजिम स्वास्थ्यसम्बन्धी स्थानीय तहको एकल र साझा अधिकार कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने,

प) अस्पतालको भौतिक सम्पतिको एकिन तथ्याङ्क अद्यावधिक गर्न एवम् सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारको व्यवस्था गर्ने,

फ) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि गाउँपालिकाअन्तर्गतका गाउँपालिका सामाजिक विकास समिति र जनस्वास्थ्य शाखासँग समन्वय गर्ने,

ब) कार्यक्रमको लक्ष्य वा उद्देश्यका बारेमा बान्छित उपलब्धि भयो भएन मूल्याङ्कन र समीक्षा गर्ने, गाउँ अस्पतालको प्रतिवेदन समीक्षा गर्ने, सुझाव दिने तथा संस्थाको आवश्यक योजना बनाई सोको आधार मानी योजना तर्जुमा गर्ने। अस्पतालबाट दिइने सेवाको लक्ष्यअनुसार प्रगति भएनभएको अनुगमन गर्ने,

भ) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

म) बैठकले गरेका निर्णयको कार्यान्वयन गर्ने गराउने कार्यान्क्यन गर्ने सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने रहेछ भने लेखी पठाउने पठाउन लगाउने,

य) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरूको उचित सम्बोधन र व्यवस्थापन गर्ने,

र) माथिल्लो निकायबाट प्राप्त निर्देशन, परिपत्रहरूको जानकारी र कार्यान्वयन गर्ने,

ल) गाउँ अस्पतालमा रहेका भौतिक सम्पत्ति, उपकरण, औषधिहरूको समुचित संरक्षण र प्रयोग गर्ने,

व) सङ्घ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्यसम्बन्धी कार्यक्रम तथा अभियानहरू ।

श) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना एच.एम.आ.एस.अनुसार तयार गरी डि.एच.आई.एस. २ मा तथ्याङक प्रविष्टि गर्ने,

ष) गाउँपालिकाले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने,

स) स्वास्थ्य क्षेत्रमा देखा परेका अपर्झट समस्याहरूको तत्काल समाधान गर्ने ।

ह) स्वास्थ्य बीमा कार्यक्रम सफलतापुर्बक संचालन गर्ने, सामाजीक सुरक्षा ईकाइ तथा स्वास्थ्य बीमा कार्यक्रमका लागी थप आबस्यक जनशक्ती समितिले नियूक्ती गर्न सक्ने छ ।त्यसरी नियूक्ती गरेको जनशक्तीलाई स्वास्थ्य बीमा कार्यक्रमको आन्तरीक आम्दानीबाट ब्यबस्थापन गर्नुपर्ने छ ।

## परिच्छेद-७

## बैठकको गणपूरक सङख्या

**९. बैठकको गणपूरक सङ्ख्या**

क) पहिलो पटकको समितिको बैठक बस्नका लागि ५१% सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

ख) पहिलो पटक गणपूरक सङ्ख्या नपुगी बैठक स्थगित भएमा उपस्थित सङ्ख्यालाई नै गणपूरक सङ्ख्या मानिनेछ ।

## परिच्छेद-८

## समितिका पदाधिकारीहरूको काम र कर्तव्य

**१०. समितिका पदाधिकारीहरूको काम र कर्तव्य**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

- समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने
- गाउँ अस्पतालको दैनिक कार्यको रेखदेख गरी निर्देशन दिने
- समितिले तोकेका अन्य काम गर्ने गराउने,

**ग) सचिवको काम, कर्तव्य र अधिकार**

- अध्यक्षको निर्देशनमा सचिवको हैसियतले बैठक बोलाउने,
- प्रतिवेदन पेस गर्ने र निर्णय कार्यान्वयन गराउने,
- प्रशासन प्रमुखको जिम्मेवारी वहन गर्ने,
- गाउँपालिका, समिति तथा स्वास्थ्य शाखा प्रमुखको निर्देशन पालना गर्ने ।

**घ) सदस्यको काम, कर्तव्य र अधिकार**

- बैठकमा सहभागी हुने,
- समिति तथा अध्यक्षले तोकेको कार्य गर्ने, गराउने,
- गाउँ अस्पतालको सञ्चालन गर्न जनसहभागिता जुटाउन सहयोग गर्ने

## परिच्छेद-९

## जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

**११.कर्मचारी व्यवस्थापनः**

१. अस्पतालमा नेपाल सरकार, प्रदेश र गाउँपालिकाले दरबन्दी निर्धारण गरेअनुसार देहाय बमोजिमको कर्मचारीको व्यवस्था हुनेछ।

क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोक सेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति

ख) करारः गाउँपालिकाबाट करार सेवामा भर्ना भएका जनशक्ति ।

ग) अभ्यासकर्ताः छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा पूर्ण वा आंशिक रूपमा गाउँपालिकाको सहयोग प्राप्त गरी छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी

घ) विषय विज्ञको रूपमा वैतनिक वा अवैतनिक स्वेच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरू

ङ) विभिन्न शैक्षिक संस्थाहरूबाट इन्टर्नसिप (OJT) विद्यार्थीहरू।

२।  अस्पतालको सेवा प्रवाह उपदफा १ बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले गाउँपालिकाको स्वीकृति लिई आफ्नै स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

३.  सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति अस्पताल सञ्चालनको सुरूवातमा भने गाउँपालिकाले सोझै सेवा करार गरी आवश्यक कर्मचारीको प्रबन्ध गर्नुपर्नेछ। अनुसूची-२ मा उल्लिखित अस्पतालको स्वीकृत दरबन्दी तेरिज बमोजिमको कर्मचारी गाउँपालिकाले करार सेवाको माध्यमबाट अर्को व्यवस्था नभएसम्मको लागि कायम गर्नु पर्नेछ ।

४.  अस्पतालमा कार्यरत रहेका उपदफा २ बमोजिमका कर्मचारीहरूको सेवा, सर्त र सुविधा प्रचलित कानुनमा व्यवस्था भएभन्दा कम नहुने गरी समितिले निर्धारण गर्नेछ।

५.  यो ऐन प्रारम्भ हुँदाका बखत अस्पतालमा कार्यरत कर्मचारीलाई व्यवस्थापन समितिको आर्थिक समक्षता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ। तर यो कार्यविधि कार्यान्वयन नहुँदा गाउँ कार्यपालिकाको निर्णय अनुसार थप सुविधा उपलब्ध हुनेछ ।

६.  नियमितबाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुविधा उपलब्ध गराउन सक्नेछ।

७.  कार्यपालिकाले व्यवस्थापन समितिको सिफारिसमा जनशक्तिको दरबन्दी संशोधन गर्न सक्नेछ।

८.  कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ।

९.  कार्यालय प्रमुखको रूपमा अस्पताल प्रमुखले कार्य गर्नेछ।

१०. अस्पतालको प्रमुखसँग प्रमुख प्रशासकीय अधिकृतले र अन्य कर्मचारीसँग अस्पताल प्रमुखसँग कार्य सम्पादन करार गर्नेछ।

११. समितिले जनशक्तिको क्षमता अभिवृद्धिको लागि आवश्यकतानुसार तालिम तथा शिक्षण गराउनेछ ।

१२. समितिले अस्पतालमार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यकतानुसार कार्यपालिकाको स्वीकृतिमा जनशक्ति व्यवस्थापन गर्नेछ।

११. समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्यसंस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ।

**१२.अभ्यासकर्ता व्यवस्थापन**

अस्पतालमा स्वास्थ्य सेवा नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थी तथा न्युनतम शैक्षिक योग्यता पुगी सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत विद्यार्थीलाई अस्पतालले प्रचलित कानुनबमोजिम अभ्यासकर्ताको रूपमा नियमानुसार काममा लगाउन सक्नेछ।

**१३. प्रदेश तथा नेपाल सरकारका कर्मचारी**

प्रदेश र नेपाल सरकारले खटाएका चिकित्सकसहितको कर्मचारी समेत रहनेछन् ।

**१४. कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको सेवा, सुविधा**

कर्मचारी तथा स्वास्थ्यकर्मीहरूको सेवा सुविधा, अतिरिक्त समय, रात्रिकालीन सेवा तथा सट्टा विदा प्रचलित कानुनबमोजिम तथा समितिले तोकेबमोजिम हुनेछ।

**१५. अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार**

१) अस्पताल व्यवस्थापन समितिको अधीनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकतानुसार विशेषज्ञ सेवा प्रदान गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने,

२) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने,

३) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी कार्यपालिकामा पेस गर्ने,

४) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरू गर्न समितिले तोकेबमोजिम हुनेछ ।

५) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने ।

**१६. संयोजकको काम, कर्तव्य र अधिकार**

१) अस्पतालले दैनिक सेवा सञ्चालन गर्न गाउँपालिका तथा अन्य निकाहरूसँग समन्वय गर्ने,

२) अस्पताल व्यवस्थापन समितिको निर्णय निर्देशन कार्यान्वयन गर्ने,

३) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिवृद्धि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवश्यक कार्यहरू गर्न समितिले तोकेबमोजिम हुनेछ।

४) गाउँपालिका, समिति र अस्पताल प्रमुखले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

**१७. औषधि खरिद, भण्डारण तथा वितरण**

१) गाउँपालिकाबाट निशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबाट बिक्री वितरण गर्ने औषधि अपर्याप्त भएमा गाउँपालिकासँगको समन्वयमा अस्पतालले आवश्यक औषधि खरिद गर्न सक्नेछ ।

२) अस्पतालले वार्षिक रूपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरी खरिद योजना बनाई गाउँपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

३) अस्पतालले निशुल्क उपलब्ध गराउने औषधि नियमित रूपमा उपलब्धताको व्यवस्था गर्नुपर्नेछ ।

४) अस्पतालले आउने बिरामी सङ्ख्या तथा रोगको आधारमा औषधिको माग र आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्डअनुसार औषधिको भण्डार गर्नुपर्नेछ।

६) औषधि आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना व्यक्ति तोक्नेछ ।

७) उपदफा ६ बमोजिम तोकिएको व्यक्तिले नियमित जिन्सी श्रेस्ता मिलाउनुपर्नेछ र दैनिक औषधिको खपतलाई मौजुद दैनिक अभिलेख राख्नुका साथै उपकरणको विवरण दुरुस्त राख्नुपर्नेछ

८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिस्टरको लगत राखी व्यवस्थापन समितिसमक्ष त्रैमासिक रूपमा पेस गर्नुपर्नेछ

९) प्रेष्कृप्सनअनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने व्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्नबमोजिम जानकारी दिनुपर्नेछ ।

क) औषधिको सेवन विधि र मात्रा

ख) औषधिको सेवन अवधि

ग) औषधिबाट हुन सक्ने असर

घ) औषधि सेवन अवधिभर अपनाउनुपर्ने सावधानी

ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि

१०) औषधि वितरण गर्दा बिक्री वितरणसम्बन्धी संहिता र औषधिसम्बन्धी प्रचलित कानुनको पालना गर्नुपर्नेछ।

११) अस्पतालको आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रूपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ ।

**१८.फार्मेसी सञ्चालन गर्ने**

१) निशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि बिक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गर्नेछ।

२) फार्मेसीमार्फत बिक्री वितरण गर्ने औषधिको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी सञ्चालन कार्य निर्देशिका बमोजिम हुनेछ ।

**१९. एम्बुलेन्स सञ्चालन**

१) अस्पतालले गाउँपालिका, आफ्नै स्रोतबाट वा अन्य सङ्घ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछ

२) एम्बुलेन्स सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन**

१) अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्नुपर्नेछ ।

२) अस्पतालले सम्भव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा सम्प्रेषण गर्नुपर्नेछ ।

३) अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी तथा कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

४) अस्पतालले प्रदान गरेको सेवामध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकका आकस्मिक उपचार खर्चको व्यवस्थापन स्वास्थ्य बीमा भएको हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको हकमा सम्बन्धित व्यक्ति, निजको अभिभावक, परिवारको सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले ब्यहोर्नुपर्नेछ ।

५) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बन्चित गरिने छैन । अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई गाउँपालिकाको आकस्मिक उपचार कोषबाट वा अन्य शीर्षकबाट खर्च ब्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनुपर्नेछ ।

**२१.सेवा व्यवस्थापनः पारीश्रमिक, प्रोत्सान भत्ता र सेवा शुल्क**

१) अस्पतालमा प्रशासनिक कार्यालय, ओपिडी, प्रयोगशाला, वार्डहरू, इमेजिङ्ग कक्ष, शल्यक्रिया कक्षा, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ कक्ष, दर्ता कक्ष, प्रतीक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधार, उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

२) अस्पतालले बहिरङ्ग विभागमा आउने बिरामीको चापको आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यवस्था मिलाउने ।

३) अस्पतालले बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरू उपलब्ध हुने समयतालिका (दिन र बार, समय) खुल्ने गरी सबैले देख्ने ठाउँमा राख्नेछ ।

४) अस्पतालले उपलब्ध गराउने भनिएकोमा विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

५) बिरामीले आफूले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा पाउने व्यवस्था सुनिश्चित गर्नेछ ।

६) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउनेछ ।

७) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई उपचार र पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था मिलाउनेछ ।

८) अस्पतालमा विश्व स्वास्थ्य सङगठनले निर्धारण गरेका मापदण्डबमोजिम सङ्क्रम रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ । सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

९) सेवाप्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरूवा रोग विरूद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ ।

१०) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रूपमा पालना गरेको हुनुपर्नेछ ।

११) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनुपर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रूपमा पानी र साबुनको उपलब्धता गर्नुपर्नेछ।

१२) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृतिअनुसार स्रोतमै अलगअलग छुट्याउने, सङकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१३) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रूपमा सफासुग्घर हुनुपर्नेछ।

१४) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रूमाल जस्ता लुगा, कपडा धुनका लागि लण्ड्रीको व्यवस्था गर्नुपर्नेछ।

१६) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरूका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य सङ्गठनले तोकेअनुरूपको शुद्ध पानी आपूर्तिको व्यवस्था हुनुपर्नेछ।

१७) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ।

१८) अस्पतालमा उपचारका लागि आउने विभिन्न असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १०% प्रतिशत निशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध हुनुपर्नेछ। थप निशुल्क उपचार समितको निर्णयअनुसार हुनेछ।

१९) उपदफा १६ बमोजिम गराएको उपचार सेवाको अभिलेखन राखी गाउँ कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउने व्यवस्था हुनुपर्नेछ।

२०) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमै मर्मत गर्न व्यवस्था हुनुपर्नेछ । साथै ठूला तथा गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत सम्भार कार्ययोजना बनाई सोहीअनुरूप मर्मत गरेको हुनुपर्नेछ।

२१) अस्पतालको भवन, सवारी साधन, मेसिन औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणको नियमित मर्मत सम्भार गर्नुपर्नेछ।

२२) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकतानुसार कुरूवा कक्षको प्रबन्ध गर्नुपर्नेछ ।

२३) आपत्कालीन व्यवस्थामा प्रयोग हुने सामग्रीहरूको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ । यस्तो भण्डामा कम्तीमा १ महिनाको लागि अत्यावश्यक स्टक सामग्री राख्नु व्यवस्था गर्नुपर्नछ ।

२४) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्नेछ।

२५) अस्पतालमा विभिन्न शाखा तथा इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रूपमा सञ्चालन गर्न समितिले छुट्टै कार्य सञ्चालन निर्देशिका लागू गर्नेछ।

२६) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबालिका र अपाङ्गतामैत्री हुनुपर्नेछ। साथै अस्पतालमा ह्वीलचेयर, ट्रली, स्ट्रेचर राख्नुपर्नेछ र त्यस्ता सामग्रीहरू सेवाग्राहीले सहज रूपमा देख्ने ठाउँमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

२७) स्वास्थ्य सेवा सञ्चालन र पूर्वाधारसम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन, मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

२८) नेपाल सरकारबाट निशुल्क तोकिएका सेवाबाहेक यस अस्पतालबाट प्रदान गरिने थप सेवामा अस्पताल सञ्चालन समितिको बैठकले निर्धारण गरेबमोजिम सेवाग्राहीबाट सेवा शुल्क लिन सक्नेछ ।

२९) पारीश्रमिक, सेवा सुविधा तथा सेवा शुल्क

क) प्रचलित कानुनमा अन्यथा व्यवस्था भएमा बाहेक गाउँपालिकाभित्र गाउँ अस्पतालमा कार्यरत कर्मचारीहरूलाई समान पदमा काजमा खटाउन तथा सरूवा सक्नेछ ।

ख) गाउँ अस्पतालमा कार्यरत कर्मचारीको सेवा, शर्त, सुविधा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

ग) अस्पतालमा आकस्मिक सेवातर्फ २४ घण्टे सेवामा खटिएका चिकित्सकलाई रुजु हाजिरको आधारमा नियमित बाहेकको सिफ्टमा १ सिफ्ट बराबर सुरु तलब स्केलको आधारमा १ दिनको तलब सुविधा र अन्य स्वास्थ्यकर्मी एवम् कर्मचारीलाई रूजु हाजिरीको आधारमा व्यवस्थापन समितिको सिफारिस तथा गाउँ कार्यपालकिकाको निर्णयअनुसार सुरू तलब स्केलको बढिमा ५० प्रतिशत सम्म थप प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ।

घ) अस्तालबाट निशुल्क रूपमा प्रवाह गर्ने स्वास्थ्य सेवाबाहेक अन्य सेवा, दर्ता, प्रयोगशाला सम्बन्धी सेवाबापतको सेवा शुल्क अस्पताल व्यवस्थापन समितिले निर्धारण गरी निर्णय गरेबमोजिम हुनु पर्नेछ ।

## परिच्छेद- १०

## सूचना, अभिलेखन र गुनासो व्यवस्थापन

### २३.अस्पताल सूचना प्रणाली

१) अस्पतालबाट प्रदान गरिएका सेवासम्बन्धी सम्पूर्ण तथ्याङ्कहरूलाई नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा सङ्घको सम्बन्धित निकायमा आवश्यकतानुसार उपलब्ध गराउनुपर्नेछ।

३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीअनुसार हुनेछ।

४) बिरामीले स्वास्थ्य सेवा संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची-१ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नुपर्नेछ र सोहीअनुरूप सेवाहरू सुनिश्चितता गरिनेछ।

५) एम्बुलेन्स, दमकल, प्रहरीजस्ता सेवालगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नपर्नेछ ।

६) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ ।

८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको बारेमा समयसमयमा अस्पतालले जनचेतनामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनेछ ।

९) अस्पतालले स्वास्थ्यसम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरेबमोजिम नियमित रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस. २ मा प्रविष्ट गर्नुपर्नेछ।

१०) अस्पताल वा स्वास्थ्यकर्मीले सङकलन गरेको स्वास्थ्यसम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल वा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**२४.गुनासो व्यवस्थापन**

१) अस्पतालले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राख्ने र प्रत्येक हप्ता नियमित रूपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव सङकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै अधिकारी तोक्नेछ

**२५. प्रेषणसम्बन्धी व्यवस्था**

१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी उपचारका लागि तुरुन्त

त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ । तर अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुनसक्ने अवस्था हुँदाहुँदै प्रेषण गर्न पाइने छैन ।

२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सोको अद्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ ।

३) उपदफा २ बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्दछ ।

४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालको पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जासहित प्रेषण गरी विवरण अद्यावधिक गरी राख्नपर्नेछ ।

५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्डबमोजिमका न्युनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छाबमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पर्ने छैन ।

७) प्रेषण गर्दा गर्भवती महिला, गम्भीर अवस्थाका बिरामी र विपन्न नागरिकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्नुपर्नेछ ।

८) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्चसम्बन्धी व्यवस्था गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

९) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ ।

१०. अस्पतालमा प्रेषण भई आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण पूर्जीसहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक गर्नुपर्नेछ ।

११. उपदफा १० बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसूची-३ बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछः

क) बिरामीको परिचय पत्र नं.

ख) मुख्य समस्याहरू

ग) भौतिक परीक्षणमा गर्दा प्राप्त रिपोर्टका सारांश

घ) उपचारका क्रममा भेटिएको तथ्य

ङ) उपचारको क्रममा अपनाइएको प्रक्रिया

च) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

छ) गरिएको उपचारको विवरण

ज) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया र अवधि

झ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी

ठ) अन्य आवश्यक कुराहरू ।

## परिच्छेद-११

## सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

### २६.अस्पताल सूचना प्रणाली

१) अस्पतालबाट प्रदान गरिएका सेवासम्बन्धी सम्पूर्ण तथ्याङकहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी सूचना गाउँपालिका, प्रदेश तथा सङ्घको सम्बन्धित निकायमा आवश्यकतानुसार उपलब्ध गराउनुपर्नेछ ।

३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ ।

४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधिसमेत खुलाएको अनुसूची-१ बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नुपर्नेछ र सोहीअनुरूप सेवाहरू सुनिश्चित गर्नुपर्नेछ ।

५) एम्बुलेन्स, दमकल, प्रहरीजस्ता सेवालगायतको आकस्मिक सेवाका टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रहरू समुचित व्यवस्था गर्नुपर्नेछ ।

६) अस्पतालमा आउने बिरामीलाई आवश्यक जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आधुनिक सयन्त्रको समुचित व्यवस्था गर्नेछ ।

८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराइनेछ ।

९) अस्पतालले स्वास्थ्यसम्बन्धी तथ्याङक नेपाल सरकारले निर्धारण गरेबमोजिम नियमित रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस. टुमा प्रविष्टि गर्नुपर्नेछ ।

१०) अस्पताल वा स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्यसम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङक, तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

**२७. गुनासो व्यवस्थापन**

१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटिका राख्ने र प्रत्येक महिना नियमित रूपमा खोल्ने व्यवस्था गर्नुपर्नेछ ।

२) अस्पतालले स्वास्थ्य सेवासम्बन्धी गुनासो, उजुरी र सुझाव सङकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्नेछ ।

## परिच्छेद-१२

## कोष तथा लेखा परीक्षण

**२८.कोष तथा लेखा परीक्षण**

१) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

२) उपदफा ९ बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान

ख) गाउँपालिकाबाट प्राप्त रकम

ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम

घ) कुनै व्यक्ति, स्वदेशी विदेशी दाता, गुठी वा संस्थाबाट प्राप्त रकम

ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

च) अस्पतालले सञ्चालन गरेको सेवाबापत प्राप्त रकम

छ) वैदेशिक अनुदान, सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त अनुदान वा सहयोग रकम

३) उपनियम २ को खण्ड छ बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नुपर्नेछ।

५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा १ बमोजिमको कोषबाट हुनेछ ।

६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम् मूल्य मान्यता प्रतिकूल नहुने कुराको सुनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ ।

**२९. कोष तथा खाता सञ्चालन**

१) व्यवस्थापन समिति र अस्पतालको आयव्यय दुरूस्त राख्न समितिले निर्णय गरी तोकिएको २ जना पदाधिकारी वा कर्मचारीको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।

२) अस्पतालको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचामा हुनेछ।

३) कोषको खाता सञ्चालन समितिले निर्णय गरेबमोजिम सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क तथा वित्तीय संस्थामा हुनेछ। साथै सो खाता प्रचलित कानुन बमोजिम सञ्चालन हुनेछ ।

४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी तथा जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकारप्राप्त कर्मचारीको हुनेछ।

५) अस्पतालको आम्दानी र खर्चको अभिलेख, आम्दानी र खर्चसम्बन्धी कार्यविधि, लेखाको अभिलेखको सिद्धान्त, आर्थिक विवरण तयारी, सम्पत्तिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आयव्यय तथा सम्पत्तिको विवरण तयारी, आन्तरिक लेखापरीक्षणको सिद्धान्त,

बेरूजु अभिलेख, बेरूजु फछ्र्यौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यविधिसम्बन्धी कानुन बमोजिम हुनेछ।

६) अस्पताललाई आवश्यक पर्ने निर्माण, मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरीद प्रक्रिया सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिजम हुनेछ ।

**३०. लेखापरीक्षण**

१) अस्पताल व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आयव्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने

२) आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ ।

३. समितिले अन्तिम लेखापरीक्षण गाउँपालिकाको श्रेस्तासँगै महालेखापरीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

११. **बैठक भत्ताः** समितिका सदस्यहरूको बैठक भत्ता र बैठकसम्बन्धी अन्य खर्च गाउँपालिकाको आर्थिक नियमावली बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरी हुनेछ।

१२. **सेवा शुल्कसम्बन्धी व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।तर निशुल्क भनी तोकिएको सेवा शुल्क लिन पाइने छैन ।

## परिच्छेद-१३

## विविध

**३१.** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ । संगठन संरचना प्रचलित कानुन बमोजिम गाउँपालिकाले निर्धारण गर्नेछ ।

**३२.साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नति सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लण्ड्री, एम्बुलेन्स, शव वाहन सेवालगायतका व्यवस्थापन गर्न र विशेषज्ञ सेवा सञ्चालन गर्न गाउँपालिकासँग समन्वय गरी आवश्यकतानुसार प्रचलित कानुनबमोजिम सामुदायिक, सरकारी र निजी तथा गैरसरकारी निकाय एवम् संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

३३. **वार्षिक प्रतिवेदन पेस गर्नेः** समितिले वर्षभरिको कामकारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाउँपालिका समक्ष पेस गर्नुपर्नेछ ।

३४. **निर्देशन पालना गर्नुपर्नेः** कार्यपालिकाले दिएको निर्देशनहरूको पालना गर्नु समितिको काम, कर्तव्य र अधिकार हुनेछ

३५. **गाउँपालिकालाई आर्थिक दायित्व सिर्जना गर्न नहुनेः** गाउँपालिकाको स्वीकृतिबिना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सिर्जना गर्नु हुँदैन।

३६. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. **कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधिको पालना गर्नु गाउँपालिकाभित्रका सरकारी अस्पतालहरूको दायित्व हुनेछ ।

३८. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

३९. **संशोधन गर्नुपरेमाः** यस कार्यविधिमा उल्लेख भएका विषयहरूको संशोधन गर्नु परेमा कार्यपालिकाबाट संशोधन हुनेछ

४०. **बाधा अड्काउ फुकाउ**

क) यस कार्यविधिमा लेखिएबाहेकको व्यवस्थाबाहेक स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारले तोकबमोजिम हुनेछ

ख) महाङ्काल गाउँपालिका क्षेत्रभित्र रहेका अन्य स्वास्थ्य संस्था वा अस्पतालहरू यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

ग) यो ऐन लागू हुनुपूर्व अस्पताल सञ्चालनका लागि गरिएका करार सेवामा गरिएको जनशक्ति व्यवस्थापन, स्रोतसाधन र प्राविधिक प्रबन्ध यसै ऐनबमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

**अस्पतालबाट प्रदान गरिने सेवाको**

**नागरिक बडापत्र**

| सि.नं. | शाखा/वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित व्यक्तिको नाम | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची-२

## डिस्चार्ज सारांश फारम

..............................अंस्पताल

डिस्चार्ज सारांश

बिरामीको नामः उमेरः

बिरामीको ठेगानाः सम्पर्क नं.

अस्पतालको वार्डः युनिटः

बिरामीको परिचयपत्र नं./दर्ता नं. मितिः

समस्याहरूः

परीक्षण विवरणः

उपचारको क्रममा भेटिएका तथ्य र उपचार प्रक्रिया तथा पद्दति

उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः

भर्ना भएको मिति र समयः

उपचारसम्बन्धी विवरणः

सिफारिस औषधिको नाम, मात्रा र अवधिः

डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था, सो समयको दिएको निर्देशन

पुनः अस्पताल आउने (फलो अप) सम्बन्धी विवरणः

यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्ने

आउनुपर्ने मितिः४

अन्य आवश्यक कुराहरूः

.......................

इन्चार्जको हस्ताक्षर

## अनुसूची-३

## अस्पतालको छापको नमूना

१. छापको नमुनाः गाउँपालिकाको लोगोको तल अस्पतालको नाम र अस्पताल रहेको ठेगाना रहनेछ ।

**२.छापको आकारः** प्रचलित कानुनबमोजिम हुनेछ ।